संखुवासभा जिल्ला अदालत
चैनपुर

# दण्ड जरिवाना छुट सम्बन्धी

## सङ्खुवासभा जिल्ला अदालतको सूचना

बिभिन्न मुद्दाहरुमा अदालतको फैसलाबमोजिम लागेको दण्ड,जरीवाना वा सरकारी विगो बुझाउन बाँकी रहेका व्यक्तिहरूले देहायको समयावधिभित्र आफूलाई लागेको जरीवाना वा सरकारी विगो आफै बुझाउन आएमा छुट दिने सम्बन्धी जिल्ला अदालत नियमावली,२०५२ को नियम ८७ अनुसार सूचना जारी गर्ने गरी मिति २०७४/१२/०५ मा निर्णय भएकोले सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकासित गरिएको छ । सो सूचना बमोजिमको छुटको फाइदा लिन हुन समेत जानकारी गराइन्छ ।

क. सूचना जारी भएको मितिले १ महिनाभित्र बुझाउन ल्याएमा १५ प्रतिशत
ख. दुई महिनाभित्र बुझाउन ल्याएमा १३ प्रतिशत
ग. तीन महिनाभित्र बुझाउन ल्याएमा ११ प्रतिशत
घ. चार महिनाभित्र बुझाउन ल्याएमा ९ प्रतिशत
ङ. पाँच महिनाभित्र बुझाउन ल्याएमा ७ प्रतिशत
च. छ महिनभित्र बुझाउन ल्याएमा ५ प्रतिशत

**साथै**

अदालतको फैसलाबाट लागेको कैद, जरिवाना तथा सरकारी बाँकी बुझाउनु पर्ने व्यक्ति पक्राउ गरी ल्याउने व्यक्ति, संस्थालाई अदालतले प्रोत्साहन स्वरुप रकम उपलब्ध गराउने गरेको र पक्राउ पर्ने व्यक्तिलाई कैद लागेको भए प्रति महिना कैदका लागि रु.एकसय पचास तथा जरिवाना वा सरकारी बिगो भए नगद असूल भएको रकमको पच्चिस प्रतिशत रकम पुरस्कार स्वरुप उपलब्ध गराइने हुँदा अदालतबाट कैद तथा जरिवाना लागेका व्यक्तिलाई पक्राउ गरी असूल गर्ने कार्यमा सहयोग गर्नहुन अनुरोध गरिन्छ ।

थप जानकारीका लागि सम्पर्क फोन नं. ०२९-५७०३७६

०७४।१२।५

गोविन्दबहादुर खत्री

तहसिलदार

इति सम्बत् २०७४ साल चैत्र महिना ०५ गते रोज ०२ शुभम्।